वैठक नं ९९

| आज मिति २०८२ बैशाख महिनाको ३१ गते नेपाल सम्वत ११४५ बछलागा द्धितीया बुधबारको दिन ~~बिहान~~ ३ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो । | | | | |
|---|---|---|---|---|
| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज घौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | मनोज श्रीमल | उप सचिव | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | | |

Scanned with CamScanner

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९९

मितिः २०८२/०१/३१

ने.स ११४५ बछलागा द्वितिय बुधबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. समिक्षा।

२. सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान तथा विद्यालय समायोजन तथा एकीकरण सम्बन्धमा ।

३. विविध।

Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषय :- सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान तथा विद्यालय समायोजन तथा एकीकरण सम्बन्धमा।
कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८२-०१-३०

१. बिषयको संक्षिप्त विवरण :

नगरपालिकाको जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको संजालमा भएको वृद्धि, ठूला र आवासीय विद्यालयप्रतिको आकर्षण बढ्दै गएकाले सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाइ वातावरणको सुनिश्चितता गर्दै त्यस्ता विद्यालयको सवलीकरण र सुदृढीकरण गर्न दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन एवम् एकीकरण गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम र नगरपालिकाभित्र भएको शिक्षक विद्यार्थीको असमान अनुपातलाई न्युनिकरण गरी प्रभावकारी र व्यवस्थित रुपमा शैक्षिक क्रियाकलाप सञ्चालन गर्न वाञ्छनीय रहेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०२/११ को निर्णयानुसार स्वीकृत सार्वजानिक विद्यालय समायोजन तथा एकीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ को परिच्छेद (३) दफा ५ (१) र (२) को आधार मा परिच्छेद (४) को दफा ७ (घ) मा स्थानीय तहले सार्वजानिक विद्यालयको समायोजन तथा एकीकरण गर्नसक्ने व्यवस्था रहेको। मन्त्रालयको मिति २०७६/१०/१२ गतेको माननिय मन्त्रीस्तरको निर्णयानुशार स्वीकृत शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६को परिच्छेद-२ दफा(३) को आधारमा परिच्छेद-५को दफा (१२) बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको शिक्षक दरबन्दीलाई प्रचलित नियम कानुनमा आधारित रहि मिलान तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको।

माथि उल्लेखित विषयवस्तुको आधारमा पालुङटार नगरकार्यपालिकाको मिति २०८१/११/२८ मा वसेको वैठकबाट सामाजिक विकास समितिका संयोजक तथा वडा नं. ९ का वडाध्यक्ष श्री भेजराज पाण्डे ज्यूको संयोजकत्वमा ५ सदस्यीय विद्यालय समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यदल गठन भएको र सो कार्यदलले कार्यदिशाको आधारमा प्रतिवेदन तयार गरी मिति २०८२-०१-३० मा कार्यपालिकामा पेश गरिएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः

कुनै विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी सङ्ख्या वढी रहेको छ भने कुनै विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून रहेको छ। यो असमानतालाई न्यूनीकरण गरी पालुङटार नगरपालिका भित्रका विद्यालयहरुमा सिकाई वातावरण सुनिश्चित गर्न विद्यालय समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यको लागी गठन भएको अध्ययन कार्यदलले तयार पारेको प्रतिवेदनमा उठान भएका विषयवस्तु कार्यपालिकाको वैठकबाट निर्णय हुन सिफारिस गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क. पालुङटार नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न गर्ने प्रयोजनको लागि गठन भएको कार्यदलले पेस गरेको संलग्न

Scanned with CamScanner

प्रतिवेदनको आधारमा विद्यालय समायोजन तथा एकीकरण र शिक्षक दरबन्दी मिलान तथा सरुवा व्यवस्थापन गर्ने।

ख. विद्यालय समायोजन तथा एकीकरण पश्चात् साविकको विद्यालयको भौतिक सम्पत्ति व्यवस्थापनको लागि सम्बन्धित वडाको वडा शिक्षा समितिले ३० दिन भित्र सरोकारवाला पक्षहरुसंगको छलफल र सहमतिमा प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष निर्णयार्थ पेस गर्नुपर्ने । सो नभएसम्मको लागि आफ्नो विद्यालयमा समायोजन हुने विद्यालयको भौतिक सम्पत्ति रेखदेख र संरक्षण गर्ने जिम्मेवारी समायोजन भएको विद्यालयले गर्नुपर्ने तथा विद्यालयको प्रशासनिक तथा शैक्षिक दस्तावेजहरु साविकको विद्यालयले समायोजन हुने विद्यालयमा १५ दिन भित्र बुझाउने सम्बन्धित प्रधानाध्यपकको जिम्मेवारी हुने ।

३. विद्यालय समायोजन पश्चात् समस्यामा पर्न सक्ने नागरिक र तिनीहरुको बालबालिकाहरुको सङ्ख्या पहिचान गरी अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति दिनको लागि वैकल्पिक व्यवस्थाको लागि शिक्षा, युवा तथा खेलकुद शाखाले विस्तृत अध्ययन गरी निर्णय कार्यान्वयनको लागि नगरकार्यपालिका समक्ष पेस गर्ने ।

४. विद्यालय समायोजन तथा एकीकरण पश्चात् कार्यरत शिक्षक/ कर्मचारीहरुलाई कार्यदलको संलग्न प्रतिवेदन बमोजिम व्यवस्थापन गर्ने ।

२०८२/०९/२०

मनोज नेपाली सिर्मल

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०१-३१ गतेको नगर कार्यपालिकाको ९९ औं बैठकमा सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान तथा विद्यालय समायोजन तथा एकीकरण सम्बन्धमा प्रस्ताव पेश भएकोमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८२।२।२

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०२-०२

Scanned with CamScanner